आज मिति २०७७ साल श्रावण ८ गते यस सत्यवती गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री पारिश्वर ढकालको अध्यक्षतामा तपशीलको उपस्थितिमा बसी तपशील बमोजिमका निर्णय गरियो ।

उपस्थिति

अध्यक्ष- श्री पारिश्वर ढकाल

उपाध्यक्ष- श्री सुवर्ण शाही शेरचन

सदस्य- श्री भीमलाल पाण्डे

सदस्य- श्री दधिराम कुँवर क्षेत्री

सदस्य- श्री रुकवहादुर राना

सदस्य- श्री दानवहादुर राना

सदस्य- श्री ओमप्रकाश भण्डारी

सदस्य- श्री विष्णुप्रसाद भण्डारी

सदस्य- श्री लोकवहादुर वुढाथोकी

सदस्य- श्री सन्तकुमार थापा

सदस्य- श्री हरिप्रसाद वि.क.

सदस्य- श्री मिना दमाई

सदस्य- श्री होमवहादुर भुजेल

सदस्य- श्री तेजकुमारी थापा

सदस्य- श्री मनमाया थापा

सदस्य- श्री नरमाया थापा राना

सचीव- श्री यादव भण्डारी

**बैठक संख्या: २- ०७७/७८** **मिति** : २०७७/०४/०८

**प्रस्तावहरु:**

**प्रस्ताव नं.१:** सत्यवती माविलाई बाल शिक्षा सहयोगी कार्यकर्ताको कोटा उपलब्ध गराउने सम्बन्धमा।

**प्रस्ताव नं.२:** विपद व्यवस्थापन कोषको हालसम्मको खर्च अनुमोदन सम्बन्धमा।

**प्रस्ताव नं.३:** इस्मा गाउँपालिकामा भएको विपदका लागि आर्थिक सहायता सम्बन्धमा।

**निर्णय नं.१:** प्रस्ताव नं.१ माथि छलफल गर्दा सत्यवती मावि र ग्रेट मदरल्यान्ड एकेडेमीबीच समायोजन भएपश्चात स्थापित सत्यवती माध्यमिक विद्यालयको नाममा एक जना बालशिक्षा सहयोगी कार्यकर्ताको कोटा उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं.२:** सत्यवती गाउँपालिकाको विपद व्यवस्थापन कोषको खातामा आ.ब.०७६/७७ मा भएको कुल आम्दानी र खर्च रकमको प्रत्येक आइटमवाइज छलफल गरी खर्च व्यहोरा, प्रकृया र तपशीलबमोजिमको खर्च रकम अनुमोदन गर्ने निर्णय गरियो।

| क्र.सं. | जम्मा आम्दानी | जम्मा खर्च | बाँकी बजेट |
|---|---|---|---|
| १ | २५३५३०६०/- | २४३५२५४०/- | १०००५२० |

**निर्णय नं.३:** इस्मा गाउँपालिकामा यसै आबमा भएको भीषण वर्षापश्चातको पहिरोबाट जनधनको ठूलो क्षति भएको सन्दर्भमा उक्त गाउँपालिकाबासी नागरिक र गाउँपालिका परिवारमा परेको कठिनाइमा मलम पट्टि गर्ने उद्देश्यले सत्यवती गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट रु.१,५५,०००/- अक्षरेपी एक लाख पचपन्न हजार मात्र सहयोग गर्ने निर्णय गरियो।